# केएरको लैङ्गिकतासम्बन्धी व्याख्यात्मक टिपोट

## केएर अन्तर्राष्ट्रियको लैङ्गिकता सञ्जाल[1]

जुलाई, २०१२

### १. यस दस्तावेजको उद्देश्य

केएर र यसका सदस्य राष्ट्रहरूमा लैङ्गिक समानताको विषय समयक्रमसंगै कार्यक्रमगत र संस्थागत रूपमा विकसित हुंदै आएको छ । साथै केएरले गर्ने कामको पहिचान र प्रचारप्रसार (Branding and Marketing) कार्यमा लैङ्गिक समानताको विषयलाई केन्द्रित गरिरहेकोछ । केएरले काम गर्ने विभिन्न देशहरूमा यसको व्याख्या तथा यस अवधारणाको प्रयोग फरक-फरक किसिमले भइरहेको सन्दर्भमा रहेर यो दस्तावेज तयार गरिएको छ । यस दस्तावेजको उद्देश्य केएरका सदस्य तथा राष्ट्रिय कार्यालयहरूमा लैङ्गिक समानताका बारेमा साझा बुझाई, अभ्यास तथा जानकारी सुनिश्चित गर्नका निमित्त मुख्य अवधारणा एवं रणनीतिहरूलाई स्पष्ट पार्नु हो । यस दस्तावेजले केएरका कर्मचारीहरूलाई विकास र मानवीय सहायता कार्यमा आन्तरिक र बाह्य रूपमा केएरको प्रतिनिधित्व गर्दा के भन्ने, कसरी प्रस्तुत हुने, कस्तो तार्किक अडान लिने र बुझाइ के हुने स्पष्ट पार्दछ ।

### २. पृष्ठभूमि

बितेका दशकमा केएरले महिला सशक्तीकरणको प्राथमिकताबाट आफूलाई लैङ्गिक समानताको प्राथमिकतामा रूपान्तरित गरेको हो । महिला सशक्तीकरणसम्बन्धी रणनीतिक प्रभावको विश्लेषण[2] (Strategic Impact Enquiry-SII) र विभिन्न आन्तरिक प्रक्रियाहरूबाट सिकिएका पाठहरूका आधारमा केएरले विकास र मानवीय सहायता कार्यमा कार्यक्रमगत र सङ्गठनात्मक दृष्टिकोणबाट लैङ्गिक समानताप्रतिको आफ्नो प्रतिबद्धता पुष्टि गरेको हो । यो प्रतिबद्धता सन् २००९ मा केएर अन्तर्राष्ट्रियको निर्देशकहरूको कार्यकारी समितिबाट लैङ्गिकतासम्बन्धी नीतिको स्वीकृति, लैङ्गिकता तथा महिला सशक्तीकरणका विभिन्न पक्षहरूमा केएर अन्तर्राष्ट्रियको कार्य दलको स्थापना, नयाँ मानवीय सहायता रणनीति सन् २०१२ र केएरको सन् २०२० को परिकल्पनाको माध्यमबाट कार्य सञ्चालनमा आइसकेको छ । साथै लैङ्गिक समानतालाई केएरको विकास र मानवीय सहायता कार्यको केन्द्रबिन्दुमा राखिएको छ ।

केएरका मानवीय सहयोग र विकासमूलक कार्यहरूको लक्ष्य प्रभावित जनसमुदायका फरक फरक आवश्यकताहरूको पूर्ति गर्ने हो र केएरका कार्यहरूले महिला बालिकाहरूका अधिकारहरु प्राप्त गर्नु मात्र नभई, उनीहरूको अनुभवको आधारमा लैङ्गिक असमानतालाई निरन्तरता दिने परम्परावादी प्रणालीहरू तथा संरचनाहरूलाई पनि सम्बोधन गर्नु हो । लैङ्गिक भिन्नता, असमानता तथा क्षमताहरूका बारेमा राम्रो जानकारी भएमा मात्र हाम्रा मानवीय सहायता तथा विकासमूलक कार्यको प्रभावकारितामा सुधार ल्याउन सकिन्छ र यो सम्पूर्ण सहायताकर्मीहरूको साझा जिम्मेवारी पनि हो ।

### ३. लैङ्गिकतासँग सम्बन्धित शब्दावली र महिला सशक्तीकरणका बारेमा केएरको अवधारणागत बुझाई तथा परिभाषा

लैङ्गिकता (Gender) भनेको महिला तथा पुरूष, केटा र केटीहरूको बीचमा रहेको जैविक भिन्नता होइन । लैङ्गिकताबाट कुनै निश्चित समाजमा महिला हुनु वा पुरूष हुनु, केटा हुनु वा केटी हुनुको के अर्थ हुन्छ भन्ने कुरा परिभाषित हुन्छ । लैङ्गिकताले घर-परिवार, समुदाय तथा संस्कृतिभित्रका विशिष्ट भूमिका, हैसियत तथा अपेक्षाहरूलाई बुझाउँछ । यस्तो परिभाषाले परिवार,

---

1 केएर अन्तर्राष्ट्रियको लैङ्गिकतासम्बन्धी सञ्जाल (CI Gender Network–CIGN)- यो सञ्जाल केएर अन्तर्राष्ट्रियका सदस्यहरु मिलेर बनेको छ । लैङ्गिकतालाई अगाडि बढाउनका लागि र जिम्मेवार पुरूषत्वको निर्माणका निमित्त सङ्गठनात्मक तहमा आवश्यक परिवर्तनको नेतृत्व गर्ने उद्देश्यले यस सञ्जालको स्थापना गरिएको थियो । यस सञ्जालद्वारा गरिएका धेरैजसो काम केएर अन्तर्राष्ट्रियको लैङ्गिकतासम्बन्धी नीतिद्वारा निर्देशित छन् । सन् २००९ मा केएर अन्तर्राष्ट्रियका सदस्यहरूले यस नीतिको अनुमोदन गरे र यस नीतिमा लैङ्गिकता समानता प्रवर्धन गर्ने केएरको स्पष्ट प्रतिबद्धतालाई परिभाषित पनि गरिएको छ ।

2 रणनीतिक प्रभावको विश्लेषण (सन् २००५) का बारेमा थप जानकारीका निमित्त कृपया वेबसाइट http://pqdl.care.org/sii/default.aspx हेर्नुहोस् ।

समाज र संस्कृतिभित्र उनीहरूको स्थान, निश्चित भूमिका, विशेष स्तर र उनीहरूबाट गरिएका अपेक्षा-आशालाई समेटेको हुन्छ ।[3] व्यक्ति स्वंयले आफूलाई न पुरूष, न महिला अथवा पुरूष र महिला–दुवैको रूपमा आत्म पहिचान गराउन सक्दछन् ।



**लैङ्गिक समता (Gender Equity):** लैङ्गिक समता भनेको महिला तथा पुरूषप्रति निष्पक्ष हुने प्रक्रिया हो । निष्पक्षता सुनिश्चित गर्नका निमित्त, महिलाहरूका ऐतिहासिक तथा सामाजिक असुविधाहरूको क्षतीपूर्ती गर्नका निमित्त रणनीति र विषेश उपायहरू प्राय उपलब्ध हुनै पर्दछ । जुन असुविधाहरूले पुरूष सरह महिलाहरूलाई समान रूपले भूमिका निर्वाह गर्नबाट वञ्चित पारेको हुन्छ । लैङ्गिक समताले लैङ्गिक समानता तर्फ डोऱ्याउँछ ।

**लैङ्गिक समानता (Gender Equality):** लैङ्गिक समानता अथवा महिला र पुरूषका बीचमा समानता भन्नाले महिला, केटी, केटा र पुरूषहरूद्वारा अधिकार, अवसर, स्रोत तथा सुविधाहरूको समान उपयोग भन्ने बुझ्नुपर्दछ । लैङ्गिक समानता अभिवृद्धिको महत्वपूर्ण पक्ष भनेको असन्तुलित शक्ति सम्बन्धहरूको पहिचान तथा त्यसलाई गरिने सम्बोधनमाथि जोड दिँदै महिला सशक्तीकरण गर्नु हो । महिला तथा पुरूष–दुबै उस्तै हुन् भन्नु समानताको अर्थ होइन, बरू यसको अभिप्राय त महिला अथवा पुरूष भएर जन्मिएकै कारणले गर्दा तिनबाट अधिकार तथा अवसरको उपयोग र जीवनका परिवर्तनहरूलाई सीमित गर्नु हुदैन भन्ने हो ।

**लैङ्गिक रूपान्तरणसम्बन्धी पद्धती (Gender Transformative Approach):** लैङ्गिक रूपान्तरणसम्बन्धी पद्दती भन्नाले कार्यक्रमसम्बन्धी त्यस्ता अवधारणा (Program Approach) तथा गतिविधि बुझ्नुपर्दछ जसमा लैङ्गिकताका दृष्टिबाट समतामूलक व्यक्तिगत व्यवहारका अतिरिक्त न्यायपूर्ण सामाजिक मान्यता तथा संरचनाको निर्माण गर्ने प्रयास गरिन्छ । केएरले लैङ्गिक रूपान्तरण सम्बन्धी कार्यलाई दुईवटा रणनीतिमा केन्द्रित रहेर गर्दछः महिला सशक्तीकरण र पुरूषहरूको संलग्नता ।

**महिला सशक्तीकरण (Women's Empowerment):** महिला सशक्तीकरण र लैङ्गिक समानतातर्फको प्रगति देखाउनका लागि सामान्य रूपले आफ्ना परियोजनाहरूमा महिलाहरूलाई संलग्न गराउनु मात्र पर्याप्त हुँदैन भन्ने कुरा केएरले राम्ररी बुझेको छ । महिला सशक्तीकरणसम्बन्धी केएरका वर्तमान सिद्धान्त तथा ढाँचाको विकास धेरै वर्षसम्मको रणनीतिक प्रभावको विश्लेषण (Strategic Impact Enquiry - SII), विगतमा गरिएका अनुसन्धानहरूको समीक्षा र चिन्तनहरूबाट भएको हो । संस्थागत रूपमा विधिवत् ढङ्गले गरिएको यस बहुबर्षीय रणनीतिक प्रभाव विश्लेषणको उद्देश्य केएरका कार्यक्रमले महिला सशक्तीकरण तथा लैङ्गिक समानतामा पारेको प्रभाव र यसमा योगदान पुऱ्याउने तत्वहरूमा आफ्ना बुझाइलाई अझ गहन पार्ने थियो । यी र यस्तै अन्य क्रियाकलापका आधारमा केएरले

3 ऐतिहासिक रूपमा, लैङ्गिक सम्बन्धप्रतिको ध्यान पुरूषका तुलनामा महिलाहरु विशेष गरी सुविधाबाट वञ्चित भएको कारणले गर्दा तिनका आवश्यकता तथा परिस्थितिलाई सम्बोधन गर्नुपर्ने आवश्यकताद्वारा निर्देशित छ । यति हुँदा-हुँदै पनि पुरुष तथा केटाहरूले समाजमा, गरिबीमा तथा सङ्कटका परिस्थितिहरूमा सामना गर्ने भेदभावका बारेमा थाहा पाउनुपर्ने आवश्यकताको महसुस सामाजिक परिवर्तनका लागि क्रियाशील निकाय तथा मानवीय समुदायहरूले बढ्दो मात्रामा गरिरहेका छन् ।

महिला सशक्तीकरणलाई निम्नलिखित परिवर्तनहरूको संयुक्त असर हो भनी परिभाषित गरेको छः

- महिला स्वयंका आफ्नै ज्ञान, सीप, क्षमता, आत्मवल (व्यक्तिगत),
- ती सामाजिक मान्यता, प्रचलन, संस्था तथा नीतिहरु जसले महिलाको जीवनमा निजका रोजाईहरूलाई (प्रभावित गर्दछन् (संरचना), र
- त्यस्तो शक्तिसम्बन्ध जसको माध्यमबाट महिलाहरूले आफ्नो मार्ग तय (Negotiate) गर्छन् (सम्बन्ध) ।




सशक्तीकरणलाई व्यापक रूपमा बुझ्नका लागि महिलाका स्वयं/व्यक्तिगत (Agency) मा वृद्धि गर्नु मात्र पर्याप्त हुँदैन, सामाजिक तथा साँस्कृतिक मान्यता, नीति तथा मुख्य सम्बन्धहरूमा महिलाहरूले नयाँ भूमिकाको निर्वाह गर्नका लागि अवसर प्रदान गर्ने किसिमले तिनलाई परिवर्तन गर्नु आवश्यक हुन्छ । दिगो परिणाम हासिल गर्नका लागि सशक्तीकरणका यी तीनवटै आयामहरूमा प्रगति हुनु आवश्यक छ भन्ने तथ्य केएरको रणनीतिक प्रभावको विश्लेषणका अनुभव तथा प्रमाणहरूले प्रष्टयाएका छन् । महिला सशक्तीकरण भनेको लैङ्गिक समानता प्राप्तीको अन्तिम लक्ष्यसम्म पुग्नका लागि केएरद्वारा प्रयोगमा ल्याइएका अवधारणाहरूमध्ये यो एउटा प्रमुख अवधारणाको रूपमा बुझ्नु पर्छ । (यस दस्तावेजको भाग ५ मा लैङ्गिक समानतालाई सम्बोधन गर्नका निमित्त केएरले अवलम्बन गरेको अवधारणाका बारेमा थप विवरण दिइएको छ) ।

## ४. केएरले लैङ्गिक समानतालाई किन आफ्नो कामको केन्द्र विन्दुमा राखेको छ ?

लैङ्गिक भेदभाव अथवा महिलाहरूलाई आफ्ना आधारभूत मानव अधिकारबाट वञ्चित गरिनु गरिबीका अन्तर्निहित कारणहरु मध्येको एक प्रमुख कारण हो भन्ने तथ्य केएरले विश्वभर सञ्चालन गरेका कार्यक्रमहरूमा गरिएको गरिबीका मुख्य कारणहरूको विश्लेषणका साथसाथै विभिन्न स्रोतहरूबाट प्राप्त प्रमाणहरूले पर्याप्त मात्रामा देखाएका छन् । भेदभावको कारणले गर्दा विश्वका गरिबहरूमध्ये बहुसङ्ख्यक गरिब महिला नै छन् । विश्वभर निरपेक्ष गरिबीको रेखामुनि रहेको कुल १.३ अरब जनसङ्ख्यामध्ये अनुपातका रूपमा भन्दा धेरै बढी प्रतिशत महिलाहरूको छ । यी महिलाहरूका लागि, गरिबीको अर्थ अभाव तथा आवश्यकता मात्र होइन । उनीहरूका लागि गरिबीको अर्थ आफ्ना अधिकारहरूबाट वञ्चित गरिनु, अवसरहरूलाई नियन्त्रण गर्नु र आवाजहरूबाट विहीन पारिनु पनि हो । आपत्कालीन परिस्थितिको प्रभाव महिला तथा पुरूषमा फरक-फरक पर्छ र त्यस्ता परिस्थितिले प्रायः घर-परिवारको सम्बन्धमा नै परिवर्तन ल्याइदिन्छन् । प्राकृतिक विपद्ले महिला र पुरूषमा फरक फरक प्रभाव पार्नुका साथै अक्सर घरपरिवारको स्वरूपमा नै परिवर्तन ल्याइदिन्छन् । प्राकृतिक विपद्को बेला अत्याधिक प्रभावित हुने र सशस्त्र द्वन्द्वको समयमा विशेष चुनौतीहरूको सामना गर्ने पनि महिलाहरु नै बढी हुन्छन् । तलका केही तथ्यहरूबाट यसको पुष्टयाइ हुन्छः[4]

- विश्वमा प्रतिवर्ष पाँच लाखभन्दा बढी महिलाहरु गर्भधारण र प्रसूतिसँग सम्बन्धित कारणहरूबाट मर्दछन् ।
- महिलाहरूमा एच्आईभीको सङ्क्रमणको दर तीव्र गतिमा बढिरहेको छ । आर्थिक एवं सामाजिक जोखिमका कारण नयां सङ्क्रमित हुनेहरूमा १५ देखि २४ बर्ष उमेर समूहका महिलाहरु नै बढी छन् ।
- क्यान्सर रोगले जत्तिकै १५ देखि ४४ वर्षसम्मको उमेर समूहका धेरै महिलाहरु लैङ्गिकतामा आधारित हिंसाका कारण मारिन्छन् र अपाङ्ग हुन्छन् । धेरैजसो दोषी व्यक्तिहरूले दण्ड-सजाय पाउँदैनन् ।
- महिलाविरूद्ध सबै प्रकारका भेदभावको उन्मूलन गर्ने महासन्धि[5] को (CEDAW) अनुमोदन गर्ने धेरैजसो मुलुकमा अझै विवाह, जमिन, अधिकार र पैतृक सम्पत्तिलाई नियमन गर्ने विभेदकारी कानुन कायमै छन् ।
- औसतमा प्राकृतिक विपद्को बेला र विपद्पछि मारिनेमा पुरूषका तुलनामा महिलाको सङ्ख्या धेरै बढी हुन्छ । सन् २००४ को सुनामीमा सुनामी कै कारण पुरूषभन्दा ४ गुणासम्म बढी महिलाहरु मारिएका थिए

गरिबीमाथि विजय प्राप्त गरिएको जसमा आशा, सहिष्णुता उदारता र सामाजिक न्यायसहितको विश्वको परिकल्पना केएरले गर्दछ भने त्यसका लागी लैङ्गिक असमानतालाई सम्बोधन गर्नै पर्दछ । लैङ्गिक समानताका लागि काम गर्नु भनेको हामीले गर्ने कार्यहरूको तर्जुमादेखि कार्यान्वयन एवं मूल्याङ्कनसम्म महिला र पुरूष– दुवैसँग परामर्शलाई सुनिश्चित गरिनु र तिनका फरक-फरक आवश्यकताहरूमाथि ध्यान दिनु नै हो । यद्यपी लैङ्गिक समानताको प्रवर्धन गर्नुको एउटा महत्वपूर्ण पक्ष महिला सशक्तीकरण हो

4 Source: The United Nation Population Fund

5 Convention on the Elimination of All Forms of Discrimination Against Women - CEDAW

तर यसमा काम गर्नुको अर्थ महिलाहरूसँग मात्र मिलेर काम गर्ने र केटा तथा पुरुषहरूका अधिकार तथा आवश्यकतालाई बेवास्ता गर्नु भन्ने होइन । यसको अर्थ त समष्टिगत रूपमा समुदायको फाइदाका लागि महिलाहरूमा रहेको खुबिलाई पूर्ण रूपमा स्वतन्त्र गर्नका निमित्त महिला, केटी, पुरुष र केटाहरूसँग पनि हामीले मिलेर काम गर्ने भन्ने हो । महिला सशक्तीकरणबाट हुने फाइदाहरु महिलामा मात्र सीमित हुँदैनन् । महिलाहरूलाई एकदमै सीमान्तीकृत पारिएका मुलुकका तुलनामा औसतमा बढी न्यायपूर्ण समाज भएका देशका महिला तथा पुरुष नागरिकहरु तुलनात्मक रूपमा बढी सम्पन्न, स्वस्थ तथा शिक्षित हुन्छन् भन्ने तथ्य विश्वव्यापी प्रमाणहरूले देखाएका छन् ।[6]






### ५. लैङ्गिक असमानतालाई सम्बोधन गर्न केएरको पद्धति के हो ?

लैङ्गिक समानताको प्राप्तिका लागि विभिन्न रणनीतिहरु अपनाइएका छन् । केएरले कार्य सञ्चालन गर्न चाहेको क्षेत्रको विशिष्ट परिवेशको विश्लेषणका साथै लैङ्गिक विश्लेषणले मात्र लैङ्गिक समानताका लागि प्रभावकारी रणनीति र उपयुक्त कार्यक्रम तय गर्ने आधार प्रदान गर्दछ । लैङ्गिक समानताको दिशामा केएरको कार्य पद्धतिका मुख्य तत्वहरूका बारेमा तल प्रकाश पारिएको छः

## लैङ्गिक रूपान्तरणका लागि केएरको प्रतिबद्धता

केएर अन्तर्राष्ट्रियको लैङ्गिकतासम्बन्धी नीति तथा केएरको सन् २०२० सम्मको परिकल्पना[7] मा मानवीय सहायता र विकासमूलक– दुवै थरी कार्यक्रमको तर्जुमामा लैङ्गिक समानतामाथि केएरको जोड स्पष्ट रूपमा अभिव्यक्त छ । लैङ्गिक समानताका लागि रूपान्तरण गर्ने त्यस्तो पद्दतीको आवश्यकता पर्दछ जुन पद्दतीमा लैङ्गिक भूमिकालाई रूपान्तरण गर्न, असमानतालाई कायम गर्ने संरचनाहरूमा परिवर्तन ल्याउन र महिला तथा पुरुषका बीचमा लैङ्गिकताका दृष्टिबाट समतामूलक सम्बन्धको प्रवर्द्धन गर्न प्रयास गरिन्छ । कार्यक्रम तर्जुमासम्बन्धी सम्पूर्ण कार्यहरु न्यूनतम् रूपमा लैङ्गिकताका दृष्टिबाट संवेदनशील हुनुपर्दछ भन्ने कुरालाई व्यापक मान्यता प्रदान गरिएको छ भने केएर सम्भव भएसम्म लैङ्गिक रूपान्तरणप्रति प्रतिबद्ध छ (उदाहरणका लागि, लैङ्गिक सम्बन्धमा शक्ति सन्तुलनमा परिवर्तन गर्ने जसले गर्दा यसको हिस्सा बढी समान रूपमा वितरण हुन सकोस्) ।

लैङ्गिक रूपान्तरणसम्बन्धी पद्दती लैङ्गिकताप्रति संवेदनशील पद्दती भन्दा फरक छ । लैङ्गिकताप्रति संवेदनशील कार्यक्रममा लैङ्गिकता तथा यौनिकताका आधारमा व्यक्तिका विभिन्न आवश्यकता तथा बाधाहरूलाई सम्बोधन गरिन्छ । यी गतिविधिहरूले उल्लेखनीय रूपमा संरक्षण, उपचार अथवा हेरचाहमा महिलाहरूको (अथवा पुरुषको) पहुँचमा सुधार ल्याउँछन् । तर यस्ता गतिविधिहरु आफैंले लैङ्गिक असमानताको जडका रूपमा रहेका व्यापक परिवेशजन्य सवालहरूलाई नगण्य मात्रामा बदल्छन् । केएरका कार्यक्रमहरूको तर्जुमा गर्दा लैङ्गिकताका दृष्टिबाट संवेदनशील हुनु अत्यावश्यक छ तर पनि आधारभूत रूपमा लैङ्गिक सम्बन्धमा शक्ति सन्तुलनलाई बदल्नका लागि यो मात्र पर्याप्त छैन ।

विकास तथा मानवीय सहायता कार्यक्रमका टोलीहरूले लैङ्गिकताप्रतिको पद्दती बुझ्नका लागि तिनलाई मार्ग-दर्शन गर्नका निमित्त लैङ्गिक

6 CARE. Strong women, strong communities: CARE’s holistic approach to empowering women and girls in the fight against poverty, May 2010 http://www.care.org/downloads/womens-empowerment-report-201005.pdf

7 सन् २००९ मा केएर अन्तर्राष्ट्रियको बोर्डद्वारा केएर अन्तर्राष्ट्रियको लैंगिकतासम्बन्धी नीति स्वीकृत गरिएको थियो । यस नीतिले लैंगिकताप्रति समान तथा समन्वयात्मक अवधारणा अवलम्बन गर्नका निमित्त केएर अन्तर्राष्ट्रियका लागि पहिलो कदमको प्रतिनिधित्व गर्दछ । यस नीतिमा सङ्गठनात्मक तथा कार्यक्रमगत– दुवै रूपमा लैंगिक समानताको प्रवर्धन गर्नका निमित्त स्पष्ट कार्यादेश (mandate) प्रति केएर अन्तर्राष्ट्रियका हरेक सदस्यको प्रतिबद्धता व्यक्त भएको छ । यसका अतिरिक्त, सन् २०१० मा विस्तार गरिएको केएर अन्तर्राष्ट्रियको सन् २०२० सम्मको परिकल्पनामा त्यस्तो केएरका लागि आह्वान गरिएको छ जसमा केएरको अधिकारमुखी अवधारणा तथा लैंगिक विश्लेषणको आधारसहित कार्य सञ्चालन गर्दछ, लैंगिक भेदभावसँग जुध्दछ र आफ्ना विकासका कार्यक्रमहरूमा “गरिब महिला तथा केटीहरूको सशक्तीकरण” माथि विशेष जोड दिन्छ ।

मापक (Gender Continuum[8]) को नामबाट प्रसिद्ध अवधारणासम्बन्धी औजारको विकास केएरले गरेको छ जसलाई लैङ्गिक मापन औजार भनिन्छ । यस औजारबमोजिम केएरका कार्यक्रमसम्बन्धी पहलहरूको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने समयमा लैङ्गिक मान्यता तथा असमानताहरूलाई हामीले कसरी हेर्ने भनेर कार्यपद्धतिहरूको वर्गीकरण गरिएको छ ।




मापकको (Continuum) सबैभन्दा वायाँपट्टि लैङ्गिक हानिकारक भन्ने शब्दावलीले असमान लैङ्गिक स्वरूपको परम्परागत प्रचलनलाई सुदृढ पार्ने कार्यक्रम र पद्धतिमाथि जोड दिन्छ अर्थात् कार्यक्रमले आफ्नो लक्ष्य प्राप्ति गर्ने प्रक्रियामा केही व्यक्तिहरूलाई शक्तिविहीन पार्ने कार्यक्रमसम्बन्धी अवधारणालाई बुझाउँछ ।

उदाहरणः अस्थिपञ्जर मात्र भएको, एच्आईभी सङ्क्रमित तथा अरूका लागि मृत्युको उच्च जोखिमको सन्देश दिने पोस्टरले जनसाधारणमा नकारात्मक परम्परागत धारणालाई सुदृढ पार्दछ र यसले एच्आईभीसहित बाँचिरहेका व्यक्तिहरूलाई सशक्तीकरण गर्दैन । यसै गरी कन्डमको विज्ञापनमा पौरूषयुक्त र बलिया पुरूषहरूको तस्विरले पुरूषत्वसम्बन्धी परम्परागत धारणालाई अझ सुदृढ पार्दछ ।

मापकको (Continuum) सबैभन्दा दायाँपट्टि लैङ्गिकताका दृष्टिबाट रूपान्तरणमूलक भन्ने शब्दावलीले व्यक्तिका लैङ्गिक समतामूलक व्यवहारका अतिरिक्त समतामूलक मान्यता तथा संरचनाहरूको निर्माण गर्नका लागि सक्रियतापूर्वक प्रयास गर्ने कार्यक्रमिक अवधारणा अथवा गतिविधिहरूलाई बुझाउँछ ।

उदाहरणः बेनिनमा सञ्चालित सशक्तीकरण (EMPOWER) कार्यक्रमले लैङ्गिकतामा आधारित हिंसाबाट प्रभावित महिलाहरूलाई सहयोग उपलब्ध गराउँछ । कार्यक्रमले महिलाहरूलाई कानूनी सहयोग तथा सुरक्षित आश्रयस्थल मात्र उपलब्ध गराउँदैन, बरू न्यायिक निकाय, प्रहरी तथा कानुन बनाउने विधायकहरूसँग मिलेर काम गर्दछ । यसो गर्नुको उद्देश्य बेनिनमा लैङ्गिकतामा आधारित वर्षौंदेखि विद्यमान व्यवस्थित दण्डहीनताको अन्त गर्दै यस्ता घटनाहरूमाथि संवेदनशील तथा प्रभावकारी ढङ्गले कारबाही गरिन्छ भन्ने कुरा सुनिश्चित गर्नु हो ।

## महिला सशक्तीकरण

लैङ्गिक असमानतालाई सम्बोधन गर्नका लागि महिला सशक्तीकरणको तरिका महत्वपूर्ण हो भन्ने कुरा माथि नै उल्लेख गरिसकिएको छ । लैङ्गिक असमानतालाई सम्बोधन गर्नको लागी केटी तथा महिलाहरूसँग निकटमा रही काम गर्नु आवश्यक हुन्छ जसले गर्दा उनीहरु गरिबीको पिडाबाट मुक्त मात्र हुँदैनन्, बरू आफू बाँचिरहेको परिवेशलाई बदल्नका निमित्त उनीहरूले योगदान पुऱ्याइरहेका हुन्छन् ।[9]

केएरका लागि महिला सशक्तीकरण भनेको गरिबी न्यूनीकरणमाथि महिला सशक्तीकरणको व्यापक प्रभावलाई मान्यता प्रदान गर्दै मानव अधिकारसम्बन्धी सवाल हो । केएरले आफ्ना कार्यक्रमहरूलाई महिलाविरूद्ध सबै किसिमका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धिको ढाँचासँग आबद्ध गरेको छ । यस ढाँचामा विश्वव्यापी रूपमा महिलाका विरूद्ध हुने भेदभावलाई परिभाषित गरिएको छ र यो विश्वव्यापी रूपमा महिलाहरूका लागि अधिकारहरूको महत्वपूर्ण विधेयक (अधिकारपत्र) बनेकोछ । केएरले महिला सशक्तीकरणका लागि योगदान गर्ने समयमा महिलाहरूका जीवनचक्र भरि नै (बाल्यावस्था, किशोरावस्था, युवा अवस्था र प्रौढावस्थाको अवधिलगायतमा काम गर्ने प्रयास गर्दछ । सशक्तीकरणको ढाँचा उस्तै रहन्छ तर कार्यक्रमसम्बन्धी पद्तीहरूलाई भने सम्बन्धित उमेर समूह(हरु)का आवश्यकताहरूको पूर्ति गर्नका निमित्त सावधानीपूर्वक अनुकूलित पारिन्छ । त्यसकारण महिला सशक्तीकरणमा[10] सहयोग पुऱ्याउनु त्यस्ता परिस्थितिहरूलाई चुनौती दिन र तिनलाई बदल्नका निमित्त आवश्यक हुन्छ जुन परिस्थितिहरूमा विकास - आपत्कालीन परिस्थिति - सो परिस्थितिलाई खप्न सक्ने क्षमता (Resilience)- सङ्क्रमण (Transition)- विकासको अविच्छिन्नता (Development Continuum) महिलाहरु बाँच्दछन् ।

---

[8] यस औजारका बारेमा थप जानकारीका निमित्त कृपया लिङ्क http://pqdl.care.org/gendertoolkit/Pges/gender%20continuum.aspx हेर्नुहोस् ।

[9] महिला सशक्तीकरणसम्बन्धी केएरको परिभाषाका बारेमा पूर्ण जानकारी प्राप्त गर्नका निमित्त कृपया पृष्ठ ३ हेर्नुहोस् ।

[10] सशक्तीकरणलाई यस दस्तावेजको पृष्ठ ३ मा परिभाषित गरिएको सशक्तीकरणसम्बन्धी ढाँचाबमोजिम बुझ्नुपर्दछ ।






## महिला सशक्तीकरण गरिबी निवारणको एक मात्र माध्यम होइन

केएरका लागि, महिला तथा केटीहरूको सशक्तीकरणको सवाल गरिबी न्यूनीकरण एवं आर्थिक विकासका लागि प्रभावकारी औजारभन्दा पनि बढी कुरा हो (उदाहरणका लागि,'लगानीको प्रतिफल' (Return on Investment) सम्बन्धी तर्क अथवा जुन सामान्यतया 'उपकरणवादी पद्दती' (Instrumentalist approach) को रूपमा प्रसिद्ध छ) । लैङ्गिक असमानतालाई सम्बोधन गर्नु र महिलाहरूलाई सशक्तीकरण गर्नु गरिबी न्यूनीकरणका लागि प्रभावकारी रणनीति हुन सक्छ भन्ने तथ्यलाई केएरका आफ्नै अनुभव तथा विश्वव्यापी प्रमाणहरूका आधारमा हामी मान्यता प्रदान गर्दछौं । यति हुँदा-हुँदै पनि महिला सशक्तीकरणमाथि जोड दिनका लागि केएरका निमित्त यो एक मात्र उत्प्रेरणा होइन । महिला सशक्तीकरणमाथिको केएरको जोड आफैंमा उद्देश्यका रूपमा महिलाका मानव अधिकारहरु हासिल गर्ने कार्यको सहजीकरण गर्ने दृढ प्रतिबद्धताबाट उत्पन्न हुन्छ । केएर आँफै अधिकारमुखी सङ्गठनका रूपमा भएकोले सामाजिक न्याय तथा गरिबी न्यूनीकरणका लागी लैङ्गिक समानतालाई दीर्घकालिन परिकल्पनामा समावेश गरेको छ । तसर्थ यो आँफै एउटा महत्वपूर्ण लक्ष पनि रहेको छ । विश्वभरका महिलावादी आन्दोलनहरूसँगको साझेदारीमा महिला अधिकार तथा लैङ्गिक समानतालाई अगाडि बढाउन विशेष गरी अरूसँग मिलेर सहकार्य गरिने भएकोले उपकरणवादी पद्दती बमोजिम केएरको इमान्दारिता र विश्वसनीयतामाथि सम्झौता गरिने भएको कारणले यो अझ महत्वपूर्ण हुन्छ । उपकरणवादी पद्दतीले पनि परम्परागत लैङ्गिक भूमिकालाई चुनौती दिनुको सट्टा तिनलाई सुदृढ पार्दछ । उदाहरणका लागिः

- बालस्वास्थ्यसम्बन्धी कार्यक्रमले बाल-बालिकाको हेरचाह गर्ने सन्दर्भमा स्थापित पूर्ण अभिभावकीय (आमा-बाबु दुवैको) जिम्मेवारी लैङ्गिक मूल्य मान्यतालाई चुनौती नदिईकन सो कार्य गर्ने शक्ति, निर्णय लिने क्षमता र बाल-बालिकाको हेरचाह गर्ने पूर्ण जिम्मेवारी महिलाहरूको हो भन्ने मान्यता राख्दछ ।

- लैङ्गिक हिंसासम्बन्धी कार्यक्रमले महिलालाई पुरूषबाट हुने हिंसाबाट बचाएर सुरक्षित राख्ने कुरामा केन्द्रित हुन सक्दछ तर श्रीमतीलाई कुट्न अभिप्रेरित गर्ने लैङ्गिक मान्यता र महिला हिंसाका घटनाप्रति प्रहरीले आँखा चिम्लने कुरा प्रति लक्षित नहुन सक्छ साथै लैङ्गिक हिंसालाई सम्बोधन गर्ने कार्यक्रममा पुरूष तथा केटाहरू प्रती पनि परिलक्षित हुनुपर्दछ भन्ने सत्यलाई बेवास्ता गर्न सक्दछ ।

## पुरूष तथा केटासँग सहकार्य

लैङ्गिक समानताका लागि संरचनागत र सामाजिक परिवर्तन आवश्यक हुनुका साथै समाजका पुरूष तथा केटाहरू लगायत सबैले आफ्नो ब्यवहार र प्रबृत्तिमा सकारात्मक परिवर्तन गर्नु आवश्यक छ । त्यसैले केएरले यस्ता समाजिक संरचनाहरु परिवर्तन गर्न र समाजमा बिद्यमान असमान शक्ति सम्वन्धहरु, जसले महिलाहरूलाई आफ्नो अधिकार र अवसरको पूर्ण उपयोगमा बाधा पारिराखेका छन्, यिनै बाधाहरूलाई चुनौती दिन पुरूष तथा केटाहरूलाई पनि समान साझेदारका रूपमा आफ्ना कार्यक्रममा संलग्न गर्दै आएको छ । सवैखाले कार्यक्रमिक प्राथमिकतामा महिला र पुरूष दुवैलाई समावेश गरी अगाडी वढाएमा त्यस्ता कार्यले दिगो उपलब्धिहरू प्राप्तीको सम्भावना रहन्छ भन्ने केएरको अनुभवमा छ । महिला र पुरूषलाई एकले अर्कोलाई शक्ति हस्तान्तरणका परस्पर बिरोधी समूहको रूपमा हेर्नुभन्दा पनि एक अर्कामा निर्भर र आपसी सम्वन्धका आधारमा नयाँ संरचना र परिवर्तित प्रबृत्तिको दिगो अवस्था निर्माण गर्न केएरले महत्व दिएको छ । ' यो पुरूषलाई निषेध गर्ने र महिलालाई प्राथमिकतामा राख्ने भन्ने होइन,' वरू यो त घर-परिवार, समुदाय र समग्र समाजको परिवेशअनुरूप महिला र पुरूष सँगसँगै काम गर्नु हो ।

लैङ्गिक समानताका दिशामा चुनौती दिन र बाटो बदल्नका लागि पुरूष तथा केटाहरूका आ-आफ्नै क्षेत्र छन् । समाजिक नियम र पुरूषत्वको व्यवस्थाले सामाजिक रूपमा स्वीकार गरिएको व्यवहार भनी ठानिएको कठोर घेराभित्र प्रायः पुरूषहरूलाई चेपुवामा पर्दछन् जुन

व्यवहार उनीहरु स्वयं र अरूका लागि समेत हानिकारक हुन सक्छन् । उदाहरणका लागि, पुरूष र केटाहरु प्रजनन प्रक्रियाका अङ्ग हुन् । पुरूष र केटाहरूलाई अलग्याएर महिलालाई मात्र प्रजनन स्वास्थ्यसम्बन्धी सेवा उपलब्ध गराउँदा यसबाट परम्परागत धारणा सुदृढ हुन्छ । यसो गर्नुको सट्टा प्रजननसम्बन्धी निर्णयहरूमा पुरूषहरूलाई पनि समावेश गर्ने समष्टिगत सेवा हामी उपलब्ध गराउन सक्छौं । पुरूष तथा केटाहरूलाई लैङ्गिक समानतासम्बन्धी कार्यक्रम तर्जुमामा संलग्न गराउनाले हरेकले आवश्यक परिवर्तनका लागि केही गरिराखेका छन् र नयाँ, बढी न्यायपूर्ण हुने गरी लाभदायक सामाजिक संरचना सिर्जना गर्ने प्रक्रियामा सबै संलग्न छन् भन्ने कुरा सुनिश्चित हुन्छ ।





# आपतकालीन परिस्थितिमा लैङ्गिक समानतालाई सम्बोधन

केएरको सन् २०२० सम्मका लागि मानवीय लक्ष्य भनेको मानवीय सङ्कटद्वारा प्रभावित गरिब, महिला, पुरूष, केटा, तथा केटीहरूका आवश्यकतामाथि दीर्घकालीन प्रभाव पार्ने र आपत्कालीन परिस्थितिहरूमा महिला तथा केटीहरूसम्म पुग्न सक्ने विशेष क्षमताका लागि प्रसिद्ध अग्रणी संस्था हुनु हो । चाहे द्वन्द्व होस् अथवा प्राकृतिक विपद्, आपत्कालीन परिस्थितिका धेरै र फरक-फरक प्रभाव महिला, केटी, पुरुष तथा केटाहरूमा पर्दछन् । मानिसहरूले लिङ्ग र उमेरका आधारमा फरक-फरक जोखिमहरूको सामना गर्दछन् (जस्तै, प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा केटाहरूले सशस्त्र समूहमा भर्ना हुनुपर्ने जोखिमको सामना गर्नुपर्दछ भने केटीहरु यौन हिंसाबाट पीडित हुने बहुसङ्ख्यक व्यक्तिभित्र पर्दछन्) । उनीहरूले प्रायः फरक-फरक सरोकारमाथि प्रकाश पार्दछन् र उनीहरूका आ-आफ्नै फरक-फरक दृष्टिकोण, अनुभव तथा उनीहरूले सामना गरेका चुनौतीहरूका समाधान हुन्छन् । (यो भनेको तान्जानियामा रहेका शरणार्थीहरूको जनसङ्ख्याभित्र विद्यालयमा उपस्थिति बढाउनु, सरसफाइ कायम गर्नका लागि किशोरीहरूलाई साबुन वितरण गर्नुभन्दा बढी महत्वपूर्ण थियो किनभने यसो नगरेका खण्डमा विशेष गरी महिनावारी भएको समयमा विद्यालय जान उनीहरूलाई लाज लाग्दथ्यो) । उनीहरूका सहयोग एवं संरक्षणसम्बन्धी आवश्यकताहरु फरक-फरक हुन्छन् र सामान्यतया संरक्षणका चुनौती बढी हुने हिंसात्मक द्वन्द्वका समयमा लैङ्गिक सङ्कटासन्नतामाथि विशेष ध्यान दिनु आवश्यक हुन्छ ।

मानवीय सहायताकार्यमा केएरको मुख्य उद्देश्य भनेको आपत्कालीन परिस्थितिहरूमा महिला तथा केटीहरूसम्म पुग्ने र उनीहरूलाई सशक्त बनाउन सक्ने विशेष क्षमतासहित विश्वका सबभन्दा गरिब समुदायहरूका प्रभावित जनसमुदायका तत्कालीन आवश्यकताको पूर्ति गर्नु हो । हाम्रा मानवीय सहायता तथा आपत्कालीन परिस्थितिका कामहरूमा पनि लैङ्गिक समानतामूखी पद्दतीलाई हामीले सञ्चालन गर्ने हरेक गतिविधिको अग्रपङ्क्ति र केन्द्रमा राखिन्छ । केएरले मानवीय सहायता कार्यक्रमहरूमा दीर्घकालीन दृष्टिकोण ल्याएको छ र यसमा महिला, केटी, पुरुष तथा केटाहरूलाई सहयोग उपलब्ध गराउंदै उनीहरूलाई विपद् तथा द्वन्द्वको सामना गर्न सक्ने वनाउछ । हाम्रो कार्यक्रमहरूमा मानवीय सहयोगका लागि गरिएका पूर्वतयारी तथा प्रतिकार्यको सम्बन्ध पुनरप्राप्ती (Recovery) तथा दीर्घकालीन विकाससँग स्थापना गर्नका लागि सबै प्रयास गरिन्छन् । त्यसकारण आपत्कालीन परिस्थितिका समयमा लैङ्गिक समानतासम्बन्धी कार्यक्रमका बारेमा केएरले लिने अवधारणा निष्पक्षता तथा आवश्यकताका सिद्धान्त एवं केएरका दीर्घकालीन कार्यक्रमहरूमा महिला तथा केटीहरूमाथि दिइने जोड – दुवैसँग मेल खान्छन् ।

केएरका विकास कार्यक्रमहरूमा जस्तै यसको मानवीय सहायता कार्य एउटै मात्र आयाम भएको अवधारणा हुँदैन भन्ने कुरा सुनिश्चित गर्नका निमित्त केएरले प्रयास गर्दछ र त्यस्तो अवधारणामा महिला एवं केटीमाथि मात्र जोड दिइन्न, बरू प्रभावकारी तथा दक्ष हुनका निमित्त विभिन्न सामाजिक, राजनीतिक र पारिवारिक तहहरूमा पुरुष तथा महिला, केटा तथा केटीहरूको बीचको सम्बन्धमाथि जोड दिइन्छ ।

**यस अर्थ निम्नानुसारका अभ्यासहरु सुनिश्चित गरिदै आएका छौं:**

१) हामी लेखाजोखाको समयमा लैङ्गिक खण्डिकृत तथ्याङ्क सङ्कलन गर्दछौं (लैङ्गिक सन्तुलन भएको टोलीद्वारा)

२) हामी महिला र पुरूषका बीचको सम्बन्ध, उनीहरूका फरक-फरक सङ्कटासन्नता तथा क्षमतालाई पूर्ण रूपमा बुझ्नका लागि लैङ्गिक विश्लेषण औजारको प्रयोग गर्दछौं ।

३) हामी लैङ्गिक विश्लेषणका नतिजाहरूलाई कार्यक्रम तर्जुमा तथा मानवीय सहायता कार्ययोजनामा मार्ग-दर्शनका लागि समावेश गर्दछौं ।

४) लैङ्गिकताका दृष्टिबाट संवेदनशील योजनालाई आर्थिक सहयोगका लागि गरिने अनुरोधहरूमा परिणत गर्दछौं ।

५. हामी आफ्ना क्रियाकलापहरूबाट महिला, केटी, केटा तथा पुरूषहरूमा परेका परिणामहरूको अनुगमन र असरहरूको मापन गर्दछौं ।

## आन्तरिक नीतिहरू तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि

केएरले स्पष्ट रूपमा के बुझेको छ भने लैङ्गिकताका दृष्टिबाट रूपान्तरणमूलक केएरका कार्य परिवर्तनका संवाहक तथा नमुनाका रूपमा प्रस्तुत हुन सक्ने केएरका कर्मचारीहरूमाथि निर्भर गर्दछ, त्यसकारण आन्तरिक रूपमा लैङ्गिक समानतालाई प्रवर्धन गर्नु अत्यावश्यक छ । हामी सबै आ-आफ्नो संस्कृतिका उपज हौँ भन्ने कुरालाई मान्यता प्रदान गर्दै केएरले आफ्ना कर्मचारीहरूलाई उनीहरूका आफ्नै जीवनका शक्ति सम्बन्ध, लैङ्गिकता, यौनिकता, वर्ग, जात र धर्मसम्बन्धी विविध अनुभवहरूका बारेमा मनन गर्नका निमित्त र यी विविधताहरूलाई सङ्गठनका नीतिहरूले सम्बोधन गरेका छन् भन्ने कुरा सुनिश्चित गर्नका निमित्त केएरले कर्मचारीहरूका लागि अवसरहरूको सिर्जना गर्दछ । अरूप्रति विश्वसनीय हुन र हाम्रो लैङ्गिक प्रतिबद्धताप्रति जवाफदेही हुनका लागि पनि सबैभन्दा पहिले हामी आफैले संस्थाभित्र लैङ्गिक समानता सुनिश्चित गर्नुका साथै उपयुक्त नीति र सुशासन लागू गर्नुपर्दछ । केएरले आफ्नो आन्तरिक लैङ्गिक समानता अभिबृद्धि गरेको खण्डमा कार्यक्रममा अझ बढी प्रभावकारी हुनेछौँ भन्ने कुरा र यस्तो विविधता र समाबेशी संस्थाहरूमा उच्च नैतिक मनोबल सहित कर्मचारी निरन्तरता रहन्छ भन्ने तथ्य प्रमाणहरूले देखाएका छन् ।

सिकाइ र ज्ञानको आदान-प्रदान अभिवृद्धि गर्नका लागि केएरले केएर अन्तर्राष्ट्रिय लैङ्गिक सञ्जाल अर्थात् एउटा विश्वस्तरीय लैङ्गिक कार्य सञ्जालको पनि विकास गरेको छ साथै छ वटा विषयगत कार्य समूह पनि बनाएको छ । जसमा लैङ्गिक समानता र विविधता, लैङ्गिकतामा आधारित हिंसा, पुरूष संलग्नता, लैङ्गिकतामा आधारित नीति तथा पैरवी, लैङ्गिकता र महिलाहरूको सशक्तीकरणको प्रभाव मापन र विपद्मा लैङ्गिकता पर्दछन् ।



केएर नेपाल
कृष्णगल्ली, पुल्चोक, काठमाडौं, नेपाल
फोन नं.:+९७७-१-५५२२८००, फ्याक्स:+९७७-१-५५२१२०२
इमेल: carenepal@np.care.org, वेभ:www.carenepal.org